# इटहरी उप महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी
## १ नं.प्रदेश,नेपाल ।

प्रथम पटक प्रकाशित मिति २०७४/१२/२८ गते

यस उप महानगरपालिकाको लागि एक थान हलुका सवारी साधन अति आवश्यक भएकोमा आर्थिक वर्ष २०७४।७५ को प्रथम नगरसभाबाट सवारी साधन खरिद गर्न वजेट समेत विनियोजन भएको हुंदा 4WD जिप (फुल अपसन) थान १ (एक) खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता वा फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

## शर्तहरू

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (२०७५।०२।२६) दिनको दिन कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ । नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता वा फर्महरूले वोलपत्र खरिद गर्दा चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी बोलपत्र फारमको आवश्यक राजश्व दस्तुर (पछि फिर्ता नहुने) बुझाउनु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ इटहरी उप महा नगरपालिका, इटहरीको नाममा नेपाल बैक लिमिटेड, इटहरी शाखामा रहेका धरौटी खाता न. ०५९०३०००००००३००००३ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट इटहरी उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरीको नाममा जारी भएको तथा कार्य प्रयोजन उल्लेख भएको वोलपत्रसाथ दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बीस) दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ (२०७५।०२।२७) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा वुझाई सक्नुपर्ने छ ।

४. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा गरिनेछ ।

५. सवारी साधन कार्यालयको टेक्निकल स्पेशिफिकेशन वमोजिमको हुनु पर्नेछ । सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलग बोलपत्र साथ समावेश गरी Servicing, Warranty आदि सम्वन्धमा समेत खुलाउनु पर्नेछ ।

६. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

नि० प्रमुख प्रशासकीय अधिकृत

७. म्याद नाघि आएको वा रित नपुगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

तपसील

| सि.नं. | ठेक्का नं. | विवरण | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|
| १ | १/०७४/७५ | 4WD जिप फुल अपसन (न्युनतम २०००।२२०० सिसि) थान १ (एक) | १५००००। | ३०००। |

नि० प्रमुख प्रशासकीय अधिकृत